# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, माघ २२ गते २०३३ साल [अतिरिक्ताङ्क ४२

### निर्वाचन आयोगको

### सूचना

निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ (संशोधनहरू सहित) को दफा ५क. को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले मेची, बागमती, गण्डकी र भेरी अञ्चलका देहायका तहका पञ्चायतहरूको निर्वाचनमा सम्बन्धित उम्मेदवारले देहायको हदसम्म खर्च गर्न पाउने गरी तोकेको छ ।

१. गाउँ तथा नगर तहः– गाउँ तथा नगर तहको देहायको प्रत्येक पदको निर्वाचनमा बढीमा रू. १,०००।– एक हजारसम्म ।

(क) गाउँ तथा नगर सभाको सदस्य पदमा

(ख) गाउँ तथा नगर पञ्चायतको सदस्य पदमा

(ग) गाउँ तथा नगर पञ्चायतका प्रधान पञ्च, उप–प्रधान पञ्च पदमा।

२. जिल्ला तहः– जिल्ला तहको प्रत्येक पदको निर्वाचनमा बढीमा रू. ५,०००।–पाँच हजारसम्म ।

(क) नगर पञ्चायतबाट निर्वाचन हुने जिल्ला सभा सदस्य पदमा

(ख) जिल्ला पञ्चायतको सदस्य पदमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) जिल्ला पञ्चायतका सभापति, उप–सभापति पदमा ।

३. राष्ट्रिय पञ्चायत सदस्य पदको निर्वाचनमा बढीमा रू. १०,०००।– दश हजारसम्म ।

निर्वाचित उम्मेदवारले आफूले निर्वाचनमा गरेको खर्चको विवरण सो निर्वाचनको नतीजा घोषणा भएको मितिले १५ दिनभित्र निर्वाचन अधिकृत वा निजले तोकेको अधिकारीसमक्ष पेश गर्नु पर्नेछ ।

आज्ञाले–
थीरबहादुर रायमाझी
सचिव
निर्वाचन आयोग

मुद्रण विभाग, सिंहदरबार

४८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।